सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १९१ ♦ २०८२ साल चैत्र ३ मंगलवार ♦ 17 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## समानुपातिक क्लस्टरमा परिवार, नातागोता र धनाढ्यकै नाम सिफारिस

**खबर दर्पण समाचारदाता**

**चैत्र २ गते, बर्दिवास**



राजनीतिक दलले प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तर्गत समानुपातिक प्रणालीतर्फ प्राप्त गरेको मतका आधारमा सांसद बनाउनका लागि क्लस्टर मिलाएर निर्वाचन आयोगमा बुझाएको सूची प्रति व्यापक असन्तुष्टि बढेको छ ।

समानुपातिकमा तोकिएको मापदण्ड पूरा गरेर सांसद पाएका ६ राजनीतिक दलले आइतबार सूची बुझाएका थिए । समानुपातिकतर्फ विगतमा झैँ यस पटक पनि पार्टीकै प्रभावशाली नेता केन्द्रित नातावाद हावी हुने भएको भन्दै व्यापक रुपमा आलोचना भएको छ । यस पटक नयाँ भनिएका दलले पनि 'नातावाद'लाई नै प्रश्रय दिएको देखिएका छन् ।

समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५७, नेपाली कांग्रेसले २०, नेकपा एमालेले १६, नेपाली कम्युनिस्ट पार्टी( नेकपा) ले ९ तथा श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले ४/४ जना सांसद पाएका छन्। सो सिटमा क्लस्टर अनुसार सिफारिस गर्दा ४ दलले नेताका परिवार, नातेदार र आर्थिक चलखेलका आधारमा प्राथमिकतामा राखेर सिफारिस गरेको भन्दै आलोचना भएको छ ।

कांग्रेस, एमाले, नेकपा, राप्रपा र रास्वपाले समानुपातिक सूचीमा परिवार, नातेदार र आर्थिक चलखेलका आधारमा धनाढ्यलाई रोजेर सांसदमा सिफारिस गरेका छन् । कांग्रेसबाट सिफारिस भएका ४ जना तथा नेकपा एमाले, नेकपा र राप्रपाबाट सिफारिस भएका १/१ जना नेताका नातेदार छन् ।

कांग्रेसको खस आर्य क्लस्टर पुरुषबाट सिफारिस भएका अर्जुननरसिंह केसी पार्टी सभापति गगन कुमार थापाका ससुरा हुन्। केसी यसअघि पनि पटक-पटक सांसद र मन्त्री भइसकेका छन् । कांग्रेसले समानुपातिकतर्फ उम्मेदवार बनाउँदा देउवा नै पार्टी सभापति थिए । देउवाकै हस्ताक्षरसहित कांग्रेसले समानुपातिक उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाएको थियो । राष्ट्रिय पञ्चायतदेखि अहिलेसम्म अवसरै अवसर पाएका केसी २०४८, २०५१, २०७० र २०७९ मा नुवाकोटबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भए। अहिले ज्वाइँ पार्टी सभापति हुँदा समानुपातिकतर्फबाट सांसदमा सिफारिस भएपछि उनको आलोचना हुन थालेको छ ।

त्यस्तै कांग्रेसकै मधेशी क्लष्टर बाट सांसद सिफारिस भएका डा. चन्द्रमोहन यादव पूर्व राष्ट्रपति डा. रामवरण यादवका पुत्र हुन् । उनी यसअघि पनि प्रत्यक्ष जितेर प्रतिनिधि सभा सदस्य भएर काम गरिसकेका छन् । त्यस्तै पूर्वराष्ट्रपति यादवकी भतिजी रेखा यादवको पनि नाम सिफारिस गरिएको छ । कांग्रेसबाटै खस आर्य महिलातर्फ सांसद सिफारिस भएकी रीना उप्रेती कांग्रेस नेता

बाँकी पृष्ठ ३ मा

## धनुषामा अपराध र दुर्घटनाको ग्राफ बढ्दो: एक महिनामै १०९ अपराधिक घटना

**खबर दर्पण समाचारदाता**

**चैत्र २ गते, बर्दिवास**




पछिल्लो एक महिनामा धनुषा जिल्लामा विभिन्न प्रकृतिका अपराधका १०९ वटा घटना दर्ता भएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेको फागुन महिनाको प्रगति विवरणअनुसार हत्या, चोरी, सामाजिक अपराध, आर्थिक अपराध, सवारी अपराध लगायतका घटनाहरू दर्ता भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेश बहादुर बलमे जनाए अनुसार फागुन महिनामा ज्यानसम्बन्धी, चोरी, सामाजिक अपराध, आर्थिक अपराध तथा सवारी अपराधसमेत गरी कुल १०९ वटा मुद्दा दर्ता भएको छ। सो अवधिमा ३ वटा कर्तव्य ज्यान, १५ वटा बैंकिङ कसूर, २ वटा जुवातास तथा २० वटा आर्थिक प्रकृतिका अपराधका घटना दर्ता भएका छन भने विभिन्न मुद्दामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको जनाएको छ ।

'फागुन महिनामा जिल्लाभर भएका अपराध नियन्त्रण तथा अनुसन्धानलाई प्रभावकारी बनाउन प्रहरीले दैनिक गस्ती, चेकजाँच तथा भारततर्फका सुरक्षा निकायसँग समन्वय गर्दै काम गरेको छ,' प्रवक्ता बमले भने । प्रहरीका अनुसार आत्महत्याका १२ घटना दर्ता भएका छन् । झुण्डिएर तथा विष सेवन गरी आत्महत्या गरेका घटनामा पुरुष र महिलासहित १६ वर्ष मुनिका २, १६ देखि २५ वर्ष समूहका ३, २६ देखि ३५ वर्षका ४, ३६ देखि ४५ वर्षका २ तथा ४६ देखि ६० वर्ष उमेर समूहका १ जना रहेको छ ।

महिला तथा बालबालिकासम्बन्धी घटनामा पनि वृद्धि देखिएको छ । एक महिनाको अवधिमा घरेलु

बाँकी पृष्ठ ३ मा



# किसानलाई पतिङर सोहोर्ने चटारो

**खबर दर्पण समाचारदाता**
**चैत्र २ गते, बर्दिवास**



अहिले पूर्वपश्चिम राजमार्गको दायाँबायाँ वनक्षेत्रमा पतिङर सोहोर्न महोत्तरीको उत्तरी भेगका किसानलाई चटारो छ। वनमा अहिले पतझर (रुखका पात झर्ने) मौसमले गर्दा यसैबेला किसानलाई पतिङर सोहोर्ने चटारो परेको हो ।

जिल्लाका गौशाला र बर्दिबास नगरपालिका क्षेत्रका सुदूर उत्तर वर्ती बस्तीमा परवल (मधेसको लहरेविशेष प्रसिद्ध तरकारी) रोपिएसँगै माटोको चिस्यान बचाइ राख्न पतिङरले छोप्ने आम चलन छ । बर्दिबासका खयरमारा, टुटेश्वर, आरनडाँडा, ढुङ्गे, गणन्ता, चेरु, वरडाँडा, सोनापेटी, भब्सी, राइमण्डल र माईस्थानभित्रका २० भन्दा बढी बस्तीमा परवल मुख्य खेती र हँदै आएको छ ।

परवलबाहेक बेसार, अदुवा र पिँडालुसहितका बाली पनि रोपेपछि पतिङरले छोपिन्छ । वनमा अहिले पतझरका बेलालगत्तै पतिङर नसोहोरे केही समयपछि डढेलो लगाइने भएकाले किसानलाई अहिले पतिङर सोहोर्ने चटारो परेको हो ।

“परवल त अब एकझर पानी परेपछि रोपिन्छ, तर पतिङरचाहिँ सोहोरेर लगी हाल्नुपर्छ,” बर्दिबास-३ राइमण्डलकी कर्णमायाँ गुर्मछानेले भने, “यसबेला सोहोर्न ढिलो गरे केही पछि वनमा डढेलो सुरु हुन्छ, त्यसैले अरू काम थाती राखेर पतिङर बटुल्छौं ।” समयले गर्दा अहिले यहाँ वनभरि पतिङर सोहोर्ने भेटिन्छन् ।

यसैगरी गौशाला नगरक्षेत्रका बेलगाछी, ढल्केवर, भाण्टाबारी, डुमरवाना, बटुवा, इमलीबजार , कालीपुर, कान्तिबजार, पडरिया, डावरी, कुष्माढी र रामनगर ओरपरका २० भन्दा बढी बस्तीका किसान पनि अहिले वनक्षेत्रमा पतिङर सोहोरी रहेका पाइन्छन् ।

“परवल, अदुवा, बेसार, पिँडालु र अलि पछि आलु छोप्न पनि यही पतिङर चाहिन्छ, अहिले सबै छरछिमेकका यसै कामले आउने हुँदा वन क्षेत्रमा एक्लो पर्ने डर पनि हुँदैन,” पूर्वपश्चिम राजमार्गमुनि गौशाला-८ ढल्केवर नजिकको सागरनाथ वन विकास परियोजनाको प्लटमा पतिङर सोहोर्दै भेटिनुभएकी गौशाला-८ डावरीकी रामरती महतोले भनिन्, “अहिले सोहोरिएको पतिङर घर लगेर थन्क्याएपछि जतिखेर काम पर्छ ओछ्याउन पाइन्छ ।”

आफै पतिङर सोहोर्न नभ्याएका किसानले पतिङर किन्ने गरेका छन् । पतिङर बेचेर आर्जन गर्ने मनले पनि गरिब बस्तीका बासिन्दा अहिले वनमा छन् । सोहोरेर जम्मा पारिएको पतिङर ठूलठूला बोरामा खाँदेर बयलगाडा र ट्याक्टरबाट घर पुऱ्याएपछि किन्ने ग्राहक धेरै आउने गरेका गौशाला-४ मल्हनियापोखरीको दलित बस्तीका मनका सदा मुसहर बताउनुहुन्छ। पतिङर बेचेरै हुने आर्जनले घरव्यवहारका कैयौं खाँचो टार्दै आइएको बर्दिबास-१० खयरमाराको मुसहरीटोलकी अइती सदाको भनाइ छ।

यसका अतिरिक्त खाना पकाउने इनधनका लागि पतिङर सोहोर्ने पनि अहिले वन क्षेत्रमा भेटिन्छन् । आफ्नो जग्गाजमिन केही नभएका गरिब बस्तीका बासिन्दा अहिले इन्धनको जोहोमा पतिङर सोहोर्दै छन् । नभिज्नेगरी थन्क्याउन पाए बर्खामा खाना पकाउन यही पतिङर बाल्ने गरिएको भङ्गाहा-४ पलारकी सियानकीदेवी बाँतरले बताइन्।

यसबेला वन क्षेत्रमा झरेका पातपतिङर सोहोरिँदा वन सुरक्षामा पनि सहयोग पुग्ने वन सुरक्षा अधिकारीको ठम्याइ छ। वन क्षेत्रका पतिङर राम्ररी सोहोरिए त्यस्तो ठाउँमा डढेलो नफैलने विगतमा जिल्ला वन कार्यालय महोत्तरीमा लामो कार्य अनुभव सँगालेका अवकाश प्राप्त सहायक वन अधिकृत चन्देश्वर यादवले बताए ।

“पतिङर सोहोरिँदा डढेलो फैलन नदिन सहयोग नै पुग्छ, तर पतिङर सोहोर्न आउनेले असावधानीवस बिडीचुरोटको ननिभाइएको ठुटा त्यतिकै मिल्काउँदा डढेलो लाग्ने गरेको विगत अनुभव छ,” जिल्लाकै औरही-१ का बासिन्दा यादवले भने, “वन सुरक्षामा खटिएका कर्मचारीले पतिङर सोहोर्नेहरूको निगरानी गर्नुपर्छ ।”

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषा की २५ वर्षीया रुवीलाई श्रम संस्कृति पाटी बाट सांसद बनिन

**खबर दर्पण समाचारदाता**

**चैत्र २ गते, बर्दिवास**

हर्क साम्पाङले धनुषामा चुनावी अभियान चलाउनु अघिसम्म रुवीकुमारी ठाकुर श्रम संस्कृति पार्टीमा जोडिएकी नै थिइनन्। जब उनले पहिलो पटक हर्कलाई भेटिन्, त्यसपछि माटोलाई भोट माग्दै मतदाताको घरदैलोसम्म पुगिन्। श्रम संस्कृतिमा आवद्ध भएपछि आफ्नो समुदाय मात्र होइन, सिंगो धनुषा-४ मा व्यापक प्रचारप्रसार मा जुटेकी रुवी राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा जस्ता हस्ती र उनका समर्थकसँग राजनीतिक रूपमा भिडिन्।

अहिले उनै रुवीलाई श्रम संस्कृति पार्टीले समानुपातिक सांसद बनाएर सदनमा पठाएको छ । आफ्नो संसद् यात्रालाई २५ वर्षीय रुवीले अप्रत्यासित भनेकी छिन् । उनी भन्छिन्, 'म सामान्य मान्छे । तर सधैं श्रम संस्कृति पार्टी र अध्यक्ष हर्क साम्पाङको भिडियो हेर्थें । र, देशका लागि यस्तो मान्छे चाहिन्छ भन्ने लागेर समर्थक बन्न पुगें । सांसद बन्नु मेरा लागि 'सरप्राइज' नै हो ।'

रुवी स्थानीय बलरा पोलिटेक्निकबाट तीन वर्षे डिप्लोमा इन्जिनिरिङ सकेर ७ महिना अघिदेखि धनुषाकै एक कन्सल्टेन्सीमा जागिर खाइरहेकी थिइन्।

पार्टीले समानुपातिक सांसद बनाएपछि पहिलो पटक धरानस्थित पार्टी मुख्यालयमा आएका बेला थोरै नर्भस, धेरै उत्साहित हुँदै अनलाइनखबरसँग भनिन्, 'मैले सांसद हुन्छु भनेर सोचेको थिइनँ। अचानक समानुपातिक सांसद बनाएको खबर आयो । अनि अध्यक्ष हर्कराज साम्पाङलाई भेट्न पार्टी कार्यालय आइपुगें ।'

धनुषाको मझेलियाकी रैथाने भए पनि उनी मधेशवादी दल, एमाले, कांग्रेस, नेकपा र रास्वपामा आकर्षित भइनन्। अथवा, ती दलले उनलाई पत्याएनन्। स्वतन्त्र रूपमा आफ्नै काममा रमाइरहेकी रुवी मासिक २० हजार तलबमा कन्सल्टेन्सीमा सानो जागिर खाइरहेकी थिइन् । श्रम संस्कृति पार्टीले पत्याएपछि खुला राजनीतिमा होमिएको उनले बताइन् ।

उनका बाबु सोगराथ ठाकुर साउदी अरबमा वैदेशिक रोजगारीमा जानुअघि कपाल काट्ने पेसामा थिए। हाल उनी साउदीमै छन् । आमा रेणु ठाकुर गृहिणी हुन् । परिवारमा रुवीसहित चार बहिनी र दुई भाइ छन् ।

राजनीतिक भाषा उति नजानेकी रुवीले भनिन्, 'हामी एक कट्ठा जमिनमा बसेका छौं। जीविकाका लागि अर्काको दुई बिघा जमिन बटैयामा (अधिया) मा कमाउँछौं। बाबाले मासिक १५/२० हजार रुपैयाँ घर खर्च पठाउनुहुन्छ। म मासिक २० हजार कमाउँछु। अब व्यक्तिगत समस्याभन्दा पनि जनताको समस्या बुझ्नुपर्ने भएकाले मेरो ध्यान संसद्मा बढी हुन्छ।'

रुवीले मधेश प्रदेशमा विकास निर्माण खासै नभएकाले संसद्मा तिनै विषयमा केन्द्रित हुने बताइन् । आफ्नो क्षेत्रमा मात्र नभएर मधेशमा खासगरी दहेज (दाइजो) प्रथाले जरा गाडेको उनले बताइन् । नेपालको कानुनले दहेज प्रथालाई प्रतिबन्ध लगाए पनि त्यो कानुन कार्यान्वयन हुन नसक्दा महिलाहरू बढी पीडित भएको उनको भनाइ छ ।

रुवीले भनिन्, 'दहेज प्रथा मात्र होइन, मधेशमा बालविवाहको समस्या पनि छ । बेरोजगारी समस्या पनि उत्तिकै छ । यिनै विषयलाई मुद्दा बनाएर संसद्मा सशक्त रूपमा प्रस्तुत हुन्छु।'

श्रम संस्कृतिमा प्रवेश गर्नुअघि डिप्लोमा तहको इन्जिनियरिङ अध्ययन गरिरहेको बेला उनले समाजमा अपाङ्गता भएका समुदायलाई केही सहयोग हुने काम गर्ने योजना बनाएकी थिइन्।

धनुषाको मझेलियास्थित श्री माध्यमिक विद्यालयबाट एसईई गरेपछि उनले स्वरोजगार हुनका लागि डिप्लोमा इन्जिनियरिङ पढेकी थिइन्। उनले भनिन्, 'सन् २०१८ मा एसईई गरेपछि तीन वर्षे कोर्षको डिप्लोमा इन्जिनियरिङ गरें। कोर्षमा टुडी र थ्रिडी प्रविधिबाट पनि घरको नक्सा बनाउन सिकेकाले वास्तु आर्किटेक्चरमा काम पाएँ।' उनले डिप्लोमा इन्जिनियरिङ गरि सकेकाले अब बीई (ब्याचलर इन्जिनियरिङ) गर्ने बताइन् । सांसदको जिम्मेवारी पनि सम्हाल्दै उमेर छँदै समय मिलाएर बीई गर्ने सोच बनाएको बताइन् । रुवीले भनिन्, 'राजनीतिक यात्रामा सांसद हुनु देश र जनताका लागि अवसर हो भने ब्याचलर इन्जिनियरिङ



मेरो परिवार र जीविकाका लागि काम लाग्छ भनेर इन्जिनियरिङ अध्ययनलाई निरन्तरता दिन चाहेकी छु।'

जेनजी उमेरमै सांसद बन्ने अवसर पाएकी रुवी अविवाहित हुन् । विवाहको प्रसंगमा उनले भनिन्, 'पाँच वर्ष संसद्लाई दिन्छु। समय मिलाएर इन्जिनियरिङको थप अध्ययन गर्छु । त्यसपछि विवाह बारे सोचौंला।'

# समानुपातिक क्लस्टरमा परिवार....

बलबहादुर केसीकी श्रीमती छन्। उनी पद्मकन्या क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको सभापति भएकी थिइन्।

रुकमणि देवी कोइरालालाई पनि समानुपातिक सांसदमा सिफारिस गरिएको छ। उनी कांग्रेसका नेता डा.शेखर कोइरालाकी श्रीमती हुन् । त्यस्तै मधेशी कोटामा सांसद सिफारिस भएकी निनुकुमारी कर्ण कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिकी भाञ्जी हुन्। कांग्रेस भ्रातृसंस्था महिला संघको राजनीतिबाट राजनीतिमा आएकी कर्ण पूर्वसांसद हुन्।

त्यस्तै नेकपा एमालेले जनजाति क्लस्टरबाट सांसद बनाएकी भूमिका सुब्बा एमाले नेता वसन्त नेम्वाङकी श्रीमती हुन्। सुब्बाले एमालेको भ्रातृसंस्था जनसांस्कृतिक महासंघको अध्यक्ष हुन् । त्यस्तै नेपाली कम्युनिस्ट पार्टीबाट खस आर्य क्लस्टरमा सांसद सिफारिस भएकी बलावती शर्मा नेता देवेन्द्र पौडेलकी श्रीमती हुन्। शर्मा पूर्वविधायक हुन्। उनले २०६३ सालमा अन्तरिम व्यवस्थापिका सदस्य भएर काम थिइन्। शर्माका श्रीमान् देवेन्द्र पौडेल पूर्वशिक्षामन्त्री पनि हुन् । तत्कालीन माओवादीले चलाएको जनयुद्धकालदेखि नै पार्टीमा सक्रिय रहेका उनीहरू माओवादी हुँदै नेकपाको राजनीतिमा सक्रिय छन् । बागलुङबाट निर्वाचन लड्दै आएका पौडेल यस पटक निर्वाचन क्षेत्र परिवर्तन गर्दै नवलपरासी-२ बाट प्रत्यक्षतर्फ उम्मेदवार थिए । तर उनी पराजित भए।

राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङकी श्रीमती सरस्वती लामालाई आदिवासी जनजाति महिला क्लस्टरबाट सांसद सिफारिस गरेको छ। तत्कालीन राजा ज्ञानेन्द्र शाहको शासनकालमा गृहमन्त्री र प्रजातन्त्रकालमा पटक-पटक मन्त्री र सांसद भएका तामाङले यस पटक श्रीमतीलाई सांसद बनाएका छन् । त्यस्तै र ास्वपाबाट धनाढ्यलाई नै समानुपातिक तर्फको सांसद बनाएको छ ।

दलहरूले सिफारिस गरेको नामावलीलाई निर्वाचन आयोगले निर्धारण गरेको क्लस्टरको संख्या आधारमा प्रमाणपत्र दिनेछ। हरेक दलले हरेक क्लस्टरमा नाम सिफारिस गरिए पनि मधेशी दलितको नाम भने कुनै पनि दलले नगरेको दलितका नेताहरुको मन खिन्न भएको छ।

# धनुषामा अपराध र दुर्घटनाको ग्राफ.....

हिंसासम्बन्धी ४१ वटा उजुरी प्रहरीमा दर्ता भएको छ । त्यसमध्ये १९ वटा मुद्दा मिलापत्र गराइएको छ भने १ वटा मुद्दा अदालत पठाइएको प्रहरीले जनाएको छ । प्रहरी तथ्यांक अनुसार विभिन्न उमेर समूहका ४५ जना हराएका छन्। तीमध्ये ८ जनालाई प्रहरीले फेला पारि सकेको जनाएको छ । फागुन महिनामा लागूऔषधसम्बन्धी ४ वटा मुद्दा दर्ता भएको छ भने ५ जना पक्राउ परेका छन् ।

प्रहरीले ३४५ किलो ५२.९७ ग्राम गाँजा, ब्राउन सुगर, चरेस, अफिम, हेरोइनसहित विभिन्न औषधिजन्य लागूऔषध बरामद गरेको जनाएको छ । फागुन महिनामा धनुषामा १०५ वटा सवारी दुर्घटना भएको प्रहरीले जनाएको छ। ती दुर्घटनामा ५ जनाको मृत्यु भएको छ भने १७९ जना घाइते भएका छन्। ट्राफिक नियम उल्लंघन गर्ने ७१२ वटा सवारीसाधनमाथि कारवाही गरी ६ लाख ४६ हजार रुपैयाँ जरिवाना संकलन गरिएको छ। सो अवधिमा आगलागीका १६ वटा घटना भएको प्रहरीले जनाएको छ । आगलागीमा ३ जना घाइते भएका छन् भने उद्धारका लागि १६३ जना प्रहरी परिचालन गरिएको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाले अपराध नियन्त्रणका लागि नियमित मोबाइल गस्ती, पैदल गस्ती, ग्रामीण गस्ती तथा चेकिङ अभियान सञ्चालन गरेको जनाएको छ । लागूऔषध, आत्महत्या रोकथाम, महिला हिंसा तथा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिँदै आएको उनले जनाएको छ ।

धर्म, इतिहास र सभ्यताको अनुपम धरोहरलत्ते सुसज्जित हाम्रो जनकपुर धामलाई धार्मिक पर्यटकीय नगरीको रूपमा विश्वसामु चिनाऔं ।
नगरभित्र रहेका पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै
समृद्ध पर्यटनको आधार निर्माण गरौं ।
आउनुहोस्, जनकपुरधामको गौरव जोगाऔं र भविष्य उज्यालो बनाऔं ।
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

भूकम्पबाट जोगिन सचेत बनौं
❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।
मटिहानी नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।
➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
औरही नगरपालिका, महोत्तरी

# ओरेक द्वारा मधेश प्रदेशका एक सय ८३ वटा हिंसाका घटना सार्वजनिक

**खबर दर्पण समाचारदाता**

**चैत्र २ गते, बर्दिवास**

लैंगिक हिंसा न्युनिकरण लगायतका सामाजिक क्षेत्रमा विगत लामो समय देखि काम गर्दै आएका ओरेक मधेश प्रदेशले आइतबार हिंसाका कारण मौलिक अधिकार र आधारभूत सेवाबाट बञ्चित महिला तथा बालबालिका लैङ्गिक हिंसा सम्बन्धी त्रैमासिक विवरण सार्वजनिक गरेको छ। एक प्रेस विज्ञप्ती जारी गर्दै ओरेक, मधेशप्रदेशका संयोजक विणाकुमारी सिंहले त्रैमासिक विवरण प्रस्तुत गर्नु भएको छ।

ओरक मधेशप्रदेशमा सङ्कलनभएको जम्मा १८३ वटा घटनाहरु मध्ये १४१ (७७.०५प्रतिशत) वटा घरेलु हिंसा, २६ वटा (१४.२१ प्रतिशत) सामाजिक हिंसा, ८ वटा (४.३७प्रतिशत) यौन हिंसा, ५ वटा (२.७३ प्रतिशत) हत्या, साईवर अपराध २, अन्य हिंसा १ गरि जम्मा १८३ वटा हिंसाका घटनाहरु संकलन गरिएको छ।

विज्ञप्तीका अनुसार मधेश प्रदेशमा महिलामाथि हुने हिंसा र त्यसका घटनाहरू निरन्तर बढ्दो क्रममा छन्। ओरेकले मासिक तथा त्रैमासिक रूपमा महिला हिंसा सम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यसै क्रममा मधेश प्रदेश क्षेत्रमा भइरहेको हिंसाका स्वरुपहरुको स्पष्ट तस्वीर प्रस्तुत गर्दछ। ओरेक मधेश प्रदेशले सन् २०२५ को अक्टोवरदेखि डिसेम्वर सम्मको तीन महिनाको अवधिमा सङ्कलन गरेको तथ्याङ्क अनुसार कुल १८३ वटा महिला हिंसाका घटना दर्ता भएका छन्। तीमध्ये ५ घटना स्थानीय पत्रपत्रिकाबाट र बाँकी १७८ घटना धनुषा, महोत्तरी, र सर्लाही जिल्लाका महिला, युवा, किशोरी समूहहरूबाट प्राथमिक स्रोत मार्फत सङ्कलन गरिएको हो। अधिकांश हिंसा घरभित्र र परिवार कै सदस्यबाट हुने गरेको देखिन्छ। यस अवधिमा सङ्कलित १८३ घटना मध्ये १४१ (७७.०५%) महिला घरेलु हिंसाबाट प्रभावित भएका छन्। घरेलु हिंसामा पर्ने कारणहरूमा दाइजो कम हुनु, परिवारको दवावमा विवाह, छोरी जन्माउनु, सौन्दर्य प्रतिको पूर्वाग्रह, तथा अन्य सांस्कृतिक/परम्परागत कारणहरू रहेको तथ्याङ्कले देखाएको छ। साथै मधेशमा अझै पनि विवाहपछि मात्रै महिलाको नागरिकता बनाउने प्रचलन रहँदै आएकोले हिंसा प्रभावित महिलाहरू नागरिकताको अधिकारबाट वञ्चित हुने, विवाह दर्ता नहुने, र उनका आश्रित बच्चाहरू जन्मदर्ता, शिक्षा, पोषणयुक्त खाना र अन्य आवश्यक सेवा सुविधाबाट वञ्चित हुने गरेको पाइएको छ। मधेश प्रदेशमा हिंसाप्रभावित महिलाहरू आफ्ना मौलिक अधिकार बाट वञ्चित हुनु यथार्थमा संरचनागत असमानता र हानिकारक सामाजिक अभ्यासको स्पष्ट संकेत हो। सङ्कलित तथ्याङ्क अनुसार १८३ घटना मध्ये १०७ महिला नागरिकताको अधिकारबाट, ९२ महिला विवाहदर्ताबाट, ३९ बालबालिका जन्मदर्ताबाट, र १७ महिला आधारभूत पोषण तथा खानपान सुविधाबाट वञ्चित भएको पाइएको छ। जसबाट महिलाहरू बहुपक्षीय हिंसाको सिकार बनेका छन्, जहाँनागरिकता र विवाहदर्ता नहुँदाउनीहरू कानुनी सुरक्षा, न्यायिकपहुँचर सामाजिक पहिचानबाट वञ्चित रहन्छन्। जन्मदर्ता नहुँदाबालबालिकाले शिक्षा, स्वास्थ्यर सामाजिक सुरक्षालगायतका सुविधाबाट बञ्चितबनाएको छ।

संरचनागत चुनौतीहरूलाई गम्भीरताकासाथ सम्बोधन गरिएन भने, महिलाहरू र किशोरीहरू निरन्तर आफ्नो मौलिक अधिकारबाट बञ्चित भइरहने र हिंसाको सामनागर्न बाध्य हुने विज्ञपतमिा जनाइएको छ।

# ईनिशा विक हत्या प्रकरण : दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन दलित सञ्जालको माग

**खबर दर्पण समाचारदाता**

**चैत्र २ गते, बर्दिवास**



सुर्खेतमा जबर्जस्ती बलात्कार पछि हत्या गरिएकी ईनिशा विकका दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन संयुक्त दलित सञ्जाल महोत्तरीले सरकारसँग माग गरेको छ।

सञ्जालले आज संयुक्त हस्ताक्षर सहित पाँच बुँदे माग राख्दै इलाका प्रशासन कार्यालयमार्फत गृहमन्त्रालयलाई ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमा घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, घटनामा संलग्न सबै दोषीहरूको यथाशीघ्र पहिचान गरी कडा कानुनी कारबाही गर्नुपर्ने, पीडित परिवारलाई तत्काल उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने तथा यस्ता जघन्य अपराध दोहोरिन नदिन राज्यले सुरक्षा व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने माग गरिएको छ।

सञ्जालले घटनालाई गम्भीरतापूर्वक लिएर दोषीलाई कानुनको कठघरामा ल्याउन सरकारसँग तत्काल प्रभावकारी कदम चाल्न पनि आग्रह गरेको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी गाभीएको सुचना

यस कम्पनीको सम्पन्न विशेष साधरण सभाको निर्णय बमोजीम ग्लोबल एग्रो प्रोडक्टस प्रा.लि. (दर्ता नं. ९५४००) र ग्लोबल प्रोटिन एण्ड आयल प्रा.लि. (दर्ता नं. २७१८५२) को मिति २०८२/०९/३० गते सम्पन्न विशेष साधारण सभाको निर्णय तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको मिति २०८२/११/१० को स्वीकृतिअनुसार ग्लोबल प्रोटिन एण्ड आयल प्रा.लि. लाई ग्लोबल एग्रो प्रोडक्टस प्रा.लि. मा गाभिएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। गाभिएपछि कम्पनीको नाम ग्लोबल एग्रो प्रोडक्टस प्रा.लि. नै रहनेछ। दुवै कम्पनी गाभीएको यसै सुचनाद्धारा जानकारी गराइन्छ।

*"Quality Education Is Our Motto"*

# श्री सोन्फी दशैं (१२-०) माध्यमिक विद्यालय

**प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन अनुमति २०७५ मा प्राप्त**

औरही नगरपालिका (महोत्तरी) श्रीपुर, ३-
स्थापित२०१७ :
मधेस प्रदेश



## बोलपत्र आहवान सम्बन्धि सुचना

प्रकाशित मिति : २०८२।१२। ०३

| क्रस. | ठेक्का नं. | योजनाको नाम | कुल लागत अनुमान रकम रुकर.अ.मु).र पिएस. समेत | धरोटी रकम रु | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|
| 1. | SDM/WORKS/NCB/01/ 082-083 | Construction of Rastriya Saichhik Sudhar Karykram Antargat Sonphi Dashain Ma.Vi. shreepur Aurahi Na. Pa.3 Ma 8 Kothe Bhawan Nirman | १,४३,००,५४४/३८ | सुचनामा उल्लेख भए अनुसार | सुचनामा उल्लेख भए अनुसार |

माथि उल्लेखित ठेक्काहरुको लागि सार्वजनीक खरिद अनुगमन कार्यालय वेबसाइट PPMO website www.bolpatra.gov.np विवरण हेरी Online Bidding गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,